सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

आदेश

०८१-WO-०१८५

मुद्दाः-उत्प्रेषण परमादेशसमेत।

जिल्ला दैलेख नारायण नगरपालिका वडा नं. १ बस्ने सशस्त्र प्रहरी बल नेपाल नं. ५ (बिन्ध्याबासिनी) बाहिनी मुख्यालय, रुपन्देहीमा सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा कार्यरत अभी कुमार खत्री......................................१

जिल्ला काठमाडौं कागेश्वारी मनोहरा नगरपालिका वडा नं. ८ गोठाटार बस्ने सशस्त्र प्रहरी बल नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतमा कार्यरत सशस्त्र प्रहरी नायब महानिरीक्षक दुर्गा प्रसाद भट्टराई.................................१

जिल्ला संखुवासभा सभापोखरी गाँउपालिका वडा नं. २ घर भई हाल जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराहीमा बस्ने सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा शिक्षालय, बर्दघाटमा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पदमा कार्यरत विश्व कुमार भट्टराई.......................................१

जिल्ला अछाम रामारोशन गा.वि.स. वडा नं. ६ घर भई हाल काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका वडा नं. १६ बनस्थली बस्ने सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय अन्तर्गत मानव श्रोत विभाग, हल्चोकमा सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत पूर्ण बहादुर साउद...........................................१ निवेदक

जिल्ला काठमाडौं बुढानिलकण्ठ नगरपालिका वडा नं. २ चपली घर भई सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय अन्तर्गत कार्य विभाग, हल्चोकमा सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत त्रिभुवन बिष्ट.............................................१

जिल्ला कन्चनपुर शुक्लाफाँटा नगरपालिका वडा नं. १० झलारी बस्ने भई सशस्त्र प्रहरी बल नं.६ (महेश्वरी) बाहिनी मुख्यालय, सुर्खेतमा कार्यरत सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत अम्बर बहादुर ऐर.................................१

जिल्ला बझाङ्ग लामातोला गा.वि.स. वडा नं. ३ सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय अन्तर्गत कार्य विभागमा सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत धनबहादुर सिंह.........................................................................१

जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. १६ बनस्थली घर भई सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय अन्तर्गत खेलकुद तथा शारिरीक सुगठन शिक्षालय हल्चोकमा सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत उद्धव बहादुर रावल.........................................................................१

जिल्ला संखुवासभा चैनपुर नगरपालिका वडा नं. ६ हाल कागेश्वारी नगरपालिका वडा नं. ९ बस्ने सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत नं. १ बराहवाहिनी मुख्यालय पकली सुनसरीमा सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत अशोक कुमार शाक्य.........................................................................१

जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं. १ सशस्त्र प्रहरी बल नेपाल नं. ७ (वैद्यनाथ) बाहिनी मुख्यालय, कैलालीमा सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत प्रेम बहादुर रावल.....................................................१

जिल्ला पूर्वी नवलपरासी विनय त्रिवेणी गाँउपालिका वडा नं. ४, सर्दी बस्ने सशस्त्र प्रहरी बल नेपाल नं. ५ (बिन्ध्याबासिनी) बाहिनी मुख्यालय, रुपन्देहीमा कार्यरत सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत गोपाल प्रसाद श्रेष्ठ............१

जिल्ला झापा मेचिनगर नगरपालिका वडा नं. ६ काँकड़भित्ता बस्ने सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत नं. १ बराहबाहिनी मुख्यालय पकली सुनसरीमा सशस्त्र प्रहरी उपरीक्षक पदमा कार्यरत दिपेन्द्र गिरी........................................१

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार काठमाडौं.........................................................................१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार काठमाडौं...............................१ विपक्षी

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हल्चोक, काठमाडौं......................१

प्रहरी किताबखाना, गृह मन्त्रालय, काठमाडौं.........................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

निवेदनको तथ्यगत व्यहोरा

१. हामी निवेदकहरु नेपाल प्रहरी र सशस्त्र प्रहरीको सेवामा झण्डै ३० वर्ष सेवा गरी कुनै विभागीय सजाय पाएका छैनौं। सशस्त्र प्रहरी नियमावली,२०७२ को नियम ६५ मा अवकासको व्यवस्था गरिएको छ। सो अनुसार ३० वर्ष सेवा अवधि पुरा भएपछि अवकास हुने व्यवस्था रहेको छ। सशस्त्र प्रहरी नियमावली,२०६० मा भने सेवा अवधिका आधारमा अवकास हुने व्यवस्था थिएन। हामी नेपाल प्रहरी सेवाबाट सशस्त्र प्रहरी बलमा स्थानान्तरण हुँदा पनि सो व्यवस्था थिएन। २०६६ सालमा नियमावली संशोधन गरी सो व्यवस्था कायम गरिएको हो। नेपालको सरकारी सेवाहरु निजामती, स्वास्थ्य, संघीय संसद, नेपाली सेना, विश्वविद्यालयका सेवामा ३० वर्ष सेवा अवधिका आधारमा अवकास हुने व्यवस्था छैन। अन्तराष्ट्रिय स्तरमा पनि यो व्यवस्था रहेको देखिंदैन। नेपाल प्रहरीमा ३० वर्षे सेवा अवधिका आधारमा अवकास पाउने कानूनी व्यवस्था गरिएबाट प्रहरी कर्मचारीहरु ४८ वर्षमा नै अवकास पाउने अवस्था छ। प्रहरी सुधार सुझाव आयोग,२०५५ लगायत प्रहरी सेवाका सम्बन्धमा गठित विभिन्न सुझाव समितिको प्रतिवेदनहरुमा पनि ३० वर्षे सेवाको आधारमा अवकास हुने व्यवस्था हटाउन सिफारिस गरेको थियो। सो अनुसार नगरी प्रहरी नियमावली, २०७१ मा पनि ३० वर्षे सेवा अवधिको आधारमा अनिवार्य अवकास हुने व्यवस्थालाई यथावत राखियो। सम्मानित सर्वोच्च अदालतबाट ०६९-WS-००११ को रिट निवेदनमा मिति २०७०।१२।२० मा सेवा अवधि लगायतका विषयहरु ऐनमा नै व्यवस्था गर्न निर्देशनात्मक आदेश जारी भएको थियो। ०७२-WO-०२९४ को रिट निवेदनमा पनि सर्वोच्च अदालतको संवैधानिक इजलासबाट मिति २०७०।१२।२० मा जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराउने र अवकाश जस्ता विषयहरु सारभूत व्यवस्था हुनाले यस सम्बन्धी व्यवस्थाहरु ऐन मै गर्न गराउन सरकारका नाममा निर्देशन पनि जारी भएको थियो। अदालतबाट भएका यी आदेशहरुको पनि कार्यान्वयन गरिएको छैन। ३० वर्षे सेवा अवधिका आधारमा अवकास दिने व्यवस्था वैज्ञानिक र व्यवहारिक छैन र प्रत्यायोजित विधायनमा राखिनु हुँदैन भनी आदेश भईसकेको छ। सो व्यवस्थाबाट आफूहरुको नेपालको संविधानको धारा १६(१), १७(२)च, १८(१), २५(१) र ३३ मा प्रदत्त मौलिक हक हनन् भएकाले ०६९-WS-००११ र ०७२-WO-०२९४ को रिट निवेदनमा भएका आदेशहरुको सम्मान गरी सशस्त्र प्रहरी बल नेपालमा ३० वर्षे

सेवा अवधिको आधारमा अनिवार्य अवकास दिने व्यवस्था प्रस्तुत रिट निवेदन दायर भएको मितिबाटै लागु नहुने गरी प्रबन्ध गर्न विपक्षीहरुको नाममा उपयुक्त आदेश गरी सशस्त्र प्रहरीको योग्यता, छनोट प्रकृया, अवकास, सेवाको अवधि गणना जस्ता विषय सेवा सम्बन्धी कानूनको सारभुत व्यवस्था भएकोले यी विषयहरुलाई प्रत्यायोजित विधायनको अधीनमा नराखी ऐनमा नै तत्काल व्यवस्था गर्नु, यदि संसदको अधिवेशन नबसेको अवस्था भए अध्यादेश जारी गर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ। साथै प्रस्तुत रिट निवेदन बिचाराधीन रही रहेकै बखत अवकाश हुनु पर्ने भएमा निवेदकहरुलाई अपूरणीय क्षति पुग्न जाने हुँदा निवेदनको अन्तिम टुङ्गो नलागेसम्म अवकाशका लागि दिइएको पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदकहरुका तर्फबाट पर्न आएको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकहरुको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षीहरुका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु। निवेदकहरुले प्रस्तुत निवेदनमा उठाएका विषयवस्तु सम्बन्धमा प्रस्तुत निवेदनमा पूर्ण सुनुवाई हुँदाका वखत सम्बोधन हुने नै हुँदा तत्काल केही बोलिरहनुपर्ने देखिएन। प्रस्तुत निवेदनमा निवेदकले उठाएका विषयवस्तु र यसै अदालत समक्ष विचाराधिन अवस्थामा रहेको ०८१-WO-०१५८ को रिट निवेदनको विषयबस्तु समान प्रकृतिको हुँदा साथै राखी हेरी पाउँ भन्ने निवेदकहरु तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुको वहस जिकिरसमेत रहेको देखिंदा उपरोक्त ०८१-WO-०१५८ नं. को रिट निवेदन पूर्ण सुनुवाईका लागि मिति २०८१।०६।१० मा पेश गर्नु भनी यस अदालतबाट मिति २०८१।०५।०६ मा आदेश भएको देखिंदा प्रस्तुत निवेदनसमेत उक्त रिट निवेदनसँग साथै राखी पेश गर्नुहोला भनी यस अदालतबाट मिति २०८१।०५।११ मा भएको आदेश।

३. राष्ट्रिय किताबखाना (प्रहरी) सशस्त्र प्रहरी कर्मचारीहरु समेतको अवकाश, उपदान र निवृत्तिभरण सम्बन्धमा हाल कार्यान्वयनमा रहेको सशस्त्र प्रहरी ऐन, २०५८ र सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ७, नियम ८१ समेतमा उल्लेख गरिएको कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने निकायको रुपमा रहेको छ। सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५ को उपनियम (१) को देहाय (क) मा तीस वर्ष नोकरी अवधि

पुरा भएमा सरकारी सेवाबाट स्वतः अवकाश पाउने छ भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ। किताबखानाले आयोगहरुले दिएको सुझावको आधारमा सेवा प्रवाह गर्ने नभई प्रचलित संविधान, मौजुदा कानून र कार्यविधिको आधारमा कार्य सम्पादन गर्ने हुँदा विभिन्न समयमा गठन भएका आयोगहरुले दिएका सुझावहरु कानूनमा समावेश भई आएमा कार्यान्वयन हुनेमा द्विविधा छैन। कानूनी राज्यको अवधारणाबमोजिम कानूनमा लेखिएका विषयहरु कार्यान्वयन गर्नु सरकार, सरकारका अंग तथा कानूनको पालना गर्नु स्वयम् नागरिक र कर्मचारीको समेत दायित्व हुने हुँदा कानूनमा उल्लेख नभएको विषयलाई कार्यान्वयन नगरेको भनी किताबखाना उपर दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेतको निमित्त उप-महानिर्देशक नवराज ढकाल राष्ट्रिय किताबखाना (प्रहरी) लैनचौर काठमाडौंको लिखित जवाफ।

४. नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार नेपाल प्रहरीसम्बन्धी नीति, कानून निर्माण गर्ने कार्य गृह मन्त्रालयबाट हुने गर्दछ। सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि यस कार्यालयबाट गृह मन्त्रालयमा पटक-पटक पत्राचार भएबमोजिम सो मन्त्रालयबाट नयाँ सशस्त्र प्रहरी ऐनको मस्यौदा तयार भई सो मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव पठाउनका लागि आवश्यक पर्ने विभिन्न निकायको सहमति लिने कार्य भइरहेको भन्ने गृह मन्त्रालयबाट जानकारी प्राप्त हुन आएको छ। सशस्त्र प्रहरीसम्बन्धी के कस्तो नीति बनाउने, के कस्तो कानून निर्माण गर्ने भन्ने एकलौटी अधिकार कार्यपालिका र व्यवस्थापिकामा रहेको हुन्छ। नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट सम्मानित अदालतबाट भएको निर्देशनात्मक आदेशबमोजिम प्रहरी सेवा सञ्चालन सम्बन्धमा राज्यको आवश्यकता, स्रोत साधनको पर्याप्तता समेतलाई मध्यनजर गरी ऐन निर्माण भइरहेको छ। मौजुदा सशस्त्र प्रहरी ऐन, २०५८ र सो ऐनले दिएको अधिकार अन्तरगत बनेको सशस्त्र प्रहरी नियमावली, २०७२ को प्रावधान विपरीत निवेदकको मागबमोजिम आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाँउ भन्ने समेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको लिखितजवाफ।

५. रिट निवेदकहरुले मिति २०५१।०५।१६ गते प्रहरी सहायक निरीक्षक दर्जामा भर्ना भई सेवामा प्रवेश गरेको र मिति २०५८ सालमा सशस्त्र प्रहरी बल, नेपाल गठन भएपछि सशस्त्र प्रहरीमा स्थानान्तरण भई समय क्रममा पदोन्नती हुदै विभिन्न दर्जामा कार्यरत रहेको कुरा स्वीकार गरेको देखिन्छ। सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १६५ को उपनियम (१) को खण्ड (क) बमोजिम सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि ३० (तीस) बर्ष पुरा भएमा सशस्त्र प्रहरी सेवाबाट अनिवार्य अवकास पाउने कानूनी व्यवस्था

रहेको हुँदा सोही कानूनी व्यवस्थाबमोजिम निवेदकहरुको सेवा अवधि पुगी अनिवार्य अवकासमा जान लागेको हो। सोही अनुसार अवकास दिने व्यवस्था हुन भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय कितावखाना (प्रहरी), लैनचौर काठमाण्डौको विभिन्न च.नं. र मितिको पत्रहरु प्राप्त हुन आए बमोजिम सम्बन्धित कार्यालय तथा व्यक्तिलाई जानकारीको लागि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानवश्रोत विभागबाट हस्ताक्षर गरी पत्रचारमात्र गरेको विषयलाई निवेदकहरुले सरोकारै नभएको कार्यालय विरुद्ध रिट दायर गरेको देखिंदा उक्त निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयसमेतबाट पेस भएको लिखित जवाफ।

६. सशस्त्र प्रहरी ऐन, २०५८ लाई समयानुकूल बनाउन तथा विपक्षी रिट निवेदकहरुले निवेदनमा उल्लेख गरेका सम्मानित सर्वोच्च अदालतबाट ०६९-Ws-००११ को रिटमा मिति २०७०।१२।२० मा भएको आदेश तथा ०७२-WO-०२९४ को रिटमा मिति २०७१।८।२० भएको आदेश र यस रिटसँग सम्बन्धित अन्य आदेश समेतलाई कार्यान्वयन गर्ने गराउने उद्देश्यले सम्बद्ध सरोकारवाला पक्षहरुसँग समेत अन्तर्क्रिया छलफल गरी यस मन्त्रालयले सशस्त्र प्रहरी वल नेपाल सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको बिधेयकको प्रारम्भिक मस्यौदा तयार गरी मिति २०८१।५।२१ मा गृह मन्त्रीस्तर निर्णयानुसार राय सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको छ। उक्त विधेयकमा सबै तहका सशस्त्र प्रहरी कर्मचारीहरुको भर्ना नियुक्ति, सरुवा, बढुवा, अवकास आदि लगायतका वृत्ति विकासलाई पारदर्शी, अनुमानयोग्य र व्यवस्थित बनाइएको छ। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले तयार गरेको विधेयकको प्राथमिकताको क्रममा परेको यस बिधेयकलाई एक महिना भित्रमा मन्त्रिपरिषदमा पेश गर्ने गरी हाल अर्थमन्त्रालयमा छलफलको क्रममा रहेको छ। ३० बर्षे सेवा अवधिको व्यवस्था लागू नगर्ने हो भने तत्काल सम्बन्धित तहमा अधिक कर्मचारीको चाप हुने, कार्य विभाजनमा द्विविधा हुने र देशलाई थप वित्तीय भार बढ्दै जाने देखिंदा प्रस्तुत रिटको कुनै औचित्य नभएकाले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखितजवाफ।

## अदालतको आदेश

७. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा समाविष्ट विवादको मूल विषयलाई हेर्दा यी रिट निवेदकहरु मिति २०५१।५।१६ मा नेपाल प्रहरीको सेवामा प्रवेश गरेकोमा २०५८ सालामा सशस्त्र

प्रहरी बल नेपालको गठन भए पछि सशस्त्र प्रहरी बलमा स्थानान्तरण भइ आई हालसम्म सशस्त्र प्रहरी बल नेपालको सेवामा कार्यरत रहेछन्। सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५ को उपनियम (१) को खण्ड (क) मा सेवा अवधि ३० वर्ष पूरा भएमा अनिवार्य अवकाश पाउने व्यवस्था भए अनुसार यी रिट निवेदकहरु मिति २०८१।५।१६ देखि अनिवार्य अवकाश पाउने अवस्थामा रहेछन्। सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५(१)(क) मा भएको उल्लिखित व्यवस्था वैज्ञानिक र व्यावहारिक नभएको, अन्य सेवाका कर्मचारीहरुसंग असमान व्यवहार गरिएको, उक्त व्यवस्थाबाट निवेदकहरुको संविधानद्वारा प्राप्त मौलिक हकमा आघात पुग्न गएको तथा यस भन्दा अगाडि यसै विषयमा यसै अदालतबाट जारी भएको निर्देशनात्मक आदेश समेतको विपरीत रहेको भनी ३० वर्षे सेवा अवधिको आधारमा अवकाश दिने व्यवस्था प्रस्तुत रिट निवेदन दायर गरेको मितिबाटै लागू नहुने प्रबन्ध गरी पाउन समेतको मांग दावी लिई निवेदकहरुका तर्फबाट प्रस्तुत रिट निवेदन पर्न आएको देखियो।

८. प्रस्तुत निवेदनमा आज सुनुवाइको क्रममा इजलासबाट पटक-पटक पुकार गर्दा पनि निवेदकहरुका तर्फबाट बहस पैरवीको लागि कोही पनि उपस्थित हुनु भएको देखिएन। प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतको तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री खेम राज ज्ञवाली तथा सशस्त्र प्रहरी वल नेपाल प्रधान कार्यालयको तर्फबाट प्रतिरक्षार्थ उपस्थित सशस्त्र प्रहरी नायव उपरीक्षक श्री भुवन भण्डारीले कानूनमा नै ३० वर्ष सेवा अवधि पुरा भएपश्चात अनिवार्य अवकास हुने व्यवस्था छ। निवेदकहरुको ३० वर्षे सेवा अवधि पुरा भएको अवस्था हुँदा अवकासको पत्र दिइएको हो। उक्त कार्य कानून बमोजिमकै कार्य भएकाले निवेदकहरुको मागबमोजिम रिट जारी गर्नुपर्ने कानूनी आधार कारण छैन। कर्मचारीको सेवा अवधि घटाउने वा बढाउने भन्ने कार्य विशुद्ध विधायिकी विवेक (Legislative Wisdom) भित्रको विषय हो। निवेदकहरुले लामो समय देखि ३० वर्षे सेवा अवधि सम्बन्धी व्यवस्थालाई स्वीकार गरी सेवामा वहाल रही आएकोमा हाल आएर सेवा अवधि थप गरी पाउँ भन्ने माग गर्नु कानूनसंगत हुँदैन। ३० वर्षे सेवा अवधि हटाउने हो भने सबै सशस्त्र प्रहरी कर्मचारीको वृत्ति विकासमा समेत असर पुग्ने अवस्था हुन्छ। हाल निवेदकहरु अवकास भईसकेको अवस्था हुँदा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइ सकेको पनि छ। तसर्थ रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

९. निवेदकहरुका तर्फबाट प्रस्तुत रिट निवेदनमा लिइएका जिकिरहरु, विपक्षीहरुको तर्फबाट पेश हुन आएको लिखित जवाफको व्यहोरा र सुनुवाइको क्रममा उपस्थित विद्वान नायव महान्यायाधिवक्ता तथा सशस्त्र प्रहरी नायव उपरीक्षकबाट प्रस्तुत हुन आएका वहस

जिकिरहरु समेत सुनी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत रिट निवेदनका सन्दर्भमा मूलतः देहायका प्रश्नहरुमा निरुपण हुनु पर्ने देखिन आयो :

(क) निवेदकहरुलाई ३० वर्ष सेवा अवधि पूरा भए पछि अनिवार्य अवकाश दिने कानूनी व्यवस्था अवैज्ञानिक र अव्यावहारिक रहेको देखिन्छ वा देखिंदैन ?

(ख) अन्य सेवाका कर्मचारीहरुसंग यी निवेदकहरुलाई असमान व्यवहार गरिएको अवस्था देखिन्छ वा देखिंदैन ?

(ग) निवेदकहरुको अनिवार्य अवकाश सम्बन्धी व्यवस्था नियमावलीमा गर्न सकिने हुन्छ वा हुँदैन ?

(घ) यसै विषयलाई लिएर यस अघि यसै अदालतबाट जारी भएका आदेशहरुका सन्दर्भमा विवादित अवकाश सम्बन्धी व्यवस्थालाई कसरी हेर्नु पर्ने हो ? र

(ङ) निवेदन माग दावी बमोजिम विपक्षीहरुका नाममा उत्प्रेषणयुक्त परमादेश लगायतको आदेश जारी हुनु पर्ने देखिन्छ वा देखिंदैन ?

१०. निरुपण हुनु पर्ने उपर्युक्त प्रश्नहरु मध्ये सर्वप्रथम निवेदकहरुलाई ३० वर्ष सेवा अवधि पूरा भए पछि अनिवार्य अवकाश दिने कानूनी व्यवस्था अवैज्ञानिक र अव्यावहारिक रहेको देखिन्छ वा देखिंदैन भन्ने प्रश्नमा बिचार गरौं। यी निवेदकहरु मिति २०५१।५।१६ मा नेपाल प्रहरीको सेवामा प्रवेश गरेकोमा २०५८ सालमा सशस्त्र प्रहरी सेवा गठन भए पछि सशस्त्र प्रहरी सेवामा स्थानान्तरण भइ आएका र सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५(१) को खण्ड (क) मा सशस्त्र प्रहरी कर्मचारीको सेवा अवधि ३० वर्ष पूरा भएमा सशस्त्र प्रहरी सेवाबाट अनिवार्य अवकाश पाउने व्यवस्थालाई लिएर निवेदकहरुले उक्त अनुसारको जिकिर लिएको पाइन्छ। निवेदकहरुका अनुसार ३० वर्ष सेवा अवधि पूरा भए पछि अनिवार्य रुपमा अवकाश पाउने व्यवस्थाले गर्दा सशस्त्र प्रहरी सेवाका कर्मचारीहरु ४८ वर्षको उमेर मै अवकाश पाउने अवस्था भएको, लामो समयसम्म सरकारले कामै नगराई निवृत्तभरण खुवाइ रहनु पर्ने अवस्था भएको तथा यस्ता प्रहरी कर्मचारीलाई प्रशिक्षण लगायतका क्रियाकलापमा ठूलो धनराशी लगानी गरिएको हुनेमा सो सम्बन्धी विज्ञताको सेवा पर्याप्त रुपमा लिन नपाउँदै अवकाशमा पठाउनु पर्ने स्थिति सिर्जना भएको भन्ने जस्ता तर्कहरु प्रस्तुत गरिएको पाइन्छ। यस सम्बन्धमा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५ मा रहेको सशस्त्र प्रहरी कर्मचारीको अनिवार्य अवकाश सम्बन्धी व्यवस्थालाई हेर्दा सो नियम ६५ को उपनियम (१) मा तीन किसिमका अवस्थाहरु मध्ये कुनै एक आधारमा अवकाश हुने भन्ने व्यवस्था भई देहाय (क) मा सेवा अवधि ३० वर्ष पूरा भएको आधारमा, देहाय (ख) मा उमेरको आधारमा र देहाय (ग) मा पदावधिको आधारमा अवकाश हुने व्यवस्था भएको

पाइन्छ। तीस वर्षको सेवा अवधि सम्बन्धी व्यवस्था सशस्त्र प्रहरी सेवाका सबै कर्मचारीहरुका लागि समान रुपम लागू हुने व्यवस्था रहेको देखिन्छ भने उमेरको आधारमा अवकाश सम्बन्धी व्यवस्था सशस्त्र प्रहरी कर्मचारीको दर्जा अनुसार फरक फरक व्यवस्था भएको देखिन्छ। जस्तो सशस्त्र प्रहरी महानिरीक्षक ५८ वर्षमा, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायव महानिरीक्षक ५६ वर्षमा, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक र सशस्त्र प्रहरी उपरीक्षक ५५ वर्षमा गरी देहाय (ख) को (१) देखि (९) सम्म फरक फरक दर्जाका लागि फरक फरक अवकाशको उमेर तोकिएको देखिन्छ। यसैगरी पदावधिको आधारमा अवकाश हुने अवधि पनि देहाय (ग) को (१) देखि (४) सम्म फरक फरक पदका लागि फरक फरक पदावधि तोकिएको पाइन्छ। रिट निवेदकहरुले नियम ६५(१)(क) मा भएको ३० वर्ष सेवा अवधि पुगेको आधारमा अवकाश हुने व्यवस्थालाई सम्म अवैज्ञानिक र अव्यावहारिक भनी जिकिर लिएको भए पनि उमेरको आधारमा अवकाश हुने व्यवस्था र पदावधिको आधारमा अवकाश हुने व्यवस्थाका सम्बन्धमा चुनौति दिइएको पाइदैन। निवेदकहरुले नियम ६५(१)(क) मा व्यवस्था भए बमोजिम ३० वर्ष सेवा अवधि पुगेको आधारमा अवकाश हुनु पर्दा ४८ वर्षको उमेर मै अवकाश हुनु पर्ने भएको भनी सो व्यवस्थालाई अव्यावहारिक भनेको देखिए पनि नियम ६५(१)(ख) को देहाय (८) मा ५० वर्ष उमेर पुगेको आधारमा अवकाश हुने व्यवस्था गरिएकोमा सो व्यवस्थाका सम्बन्धमा भने कुनै चुनौति नदिइएको देखिन्छ। सेवामा ढिलो प्रवेश गरेकाहरु ४८ वर्ष उमेर पुग्नासाथ अवकाशमा जानु पर्ने अवस्था नपर्न पनि सक्छ तर ५० वर्ष उमेर पुग्नासाथ अवकाश हुनु पर्ने व्यवस्था सो समूहका सबै कर्मचारीहरुका लागि लागू हुने अवस्था देखिन्छ। यसका अतिरिक्त सेवा अवधिको आधारमा अवकाश हुने व्यवस्थाको वैज्ञानिकता र व्यावहारिकता मापनको आधार के हुने भन्ने प्रश्न पनि छ। सरकारले आम नागरिकको हितमा काम गर्नु पर्ने भएकोले कुन समूहका नागरिकहरुका लागि कसरी व्यवहार गर्ने भनेर नीति निर्धारण गर्दा एउटा समूह विशेषको हित वा सरोकारका विषयहरुलाई मात्र ध्यान दिने कुरा स्वयंमा अव्यावहारिक हुन जाने पनि हुनसक्छ। बेरोजगार नागरिकहरुका लागि रोजगारीको अवसर सिर्जना गर्नु पर्ने एउटा वाध्यता पनि सरकारको हुनसक्छ। मूलतः कुन सेवा समूह र वर्गका कर्मचारीहरुलाई अवकाशको लागि कति सेवा अवधि तोक्ने, अवकाशको लागि कति उमेर तोक्ने र पदावधि कति राख्ने भन्ने विषय नीतिगत विषय रहेको देखिन्छ र यस्तो नीतिगत विषयको निर्धारण गर्ने कुरा विधायिकी वा कार्यपालिकी विवेकको विषय भएकोले त्यस्तो विषयमा केवल अदालतलाई अवैज्ञानिक वा अव्यावहारिक लागेको भन्ने मात्र कारणले नियमावलीमा गरिएका व्यवस्थाहरुलाई

अमान्य गर्न मिल्ने देखिएन।

११. अब अन्य सेवाका कर्मचारीहरुसंग यी निवेदकहरुलाई असमान व्यवहार गरिएको अवस्था देखिन्छ वा देखिंदैन भन्ने अर्को प्रश्नमा बिचार गरौं। यी निवेदकहरुले अन्य सेवाहरुसंगको तुलना गर्दा निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, संघीय संसद सेवा र विश्वविद्यालय सेवा जस्ता अन्य सरकारी सेवाहरुमा ३० वर्ष सेवा अवधि पूरा गरेको आधारमा अवकाश हुने व्यवस्था नभएको विषयलाई आधार बनाएको पाइन्छ। निवेदनमा उल्लिखित केही सेवाहरुमा ३० वर्ष सेवा अवधि पूरा गरेको आधारमा अवकाश हुने व्यवस्था नभएकोमा विवाद छैन। तर समानताको अधिकारको कुरा गर्दा समान स्थितिका कर्मचारीहरु बीच असमान व्यवहार गरेको देखाउनु पर्ने हुन्छ। समानहरुका बीच समान र असमानहरुका बीच असमान व्यवहार नै समानताको सिद्धान्तको मर्म हो। समानताको अवधारणा स्वयंमा निरपेक्ष अवधारणा होइन। कुनै खास सेवा समूह वा वर्गका व्यक्तिहरुको विशेष आवश्यकता र परिस्थितिको आधारमा विशेष कानूनी व्यवस्था गरिएको विषय समानताको अवधारणा विरुद्ध हुँदैन। अन्य सेवाका सम्बन्धमा ३० वर्ष सेवा अवधि पुगेको आधारमा अवकाश हुने व्यवस्था नभएको अवस्थालाई आधार मानेर सशस्त्र प्रहरी सेवाका कर्मचारीहरु ३० वर्ष सेवा अवधि पुगेको आधारमा अवकाश हुनु पर्ने अवस्थालाई लिएर असमान व्यवहार गरिएको भन्ने तर्क प्रस्तुत गरिएको पाइन्छ तर आम नागरिकको दृष्टिमा हेर्दा सशस्त्र प्रहरी सेवाका कर्मचारीहरु त कम्तिमा ३० वर्ष सेवा गर्न पाएका छन्, हामीले त ३० दिन पनि सेवा गर्न पाउने अवसर पाएनौं भन्ने अवस्था पनि परेको हुनसक्छ। त्यसैले समानताको अधिकारको कुरा गर्दा को संगको समानता?, के विषयमा समानता? र कुन हदसम्मको समानता? भन्ने प्रश्नहरु सान्दर्भिक हुन्छन्। खास सेवा समूह वा वर्गका लागि खास व्यवस्थाहरु गरेर वर्गीकरण गर्नै नपाइने भन्ने हुँदैन। केवल त्यस्तो वर्गीकरणको आधार वोधगम्य (Intelligible Differentia) हुनुपर्छ र वर्गीकरणबाट प्राप्त गर्न खोजिएको उद्देश्यसंग त्यस्तो वर्गीकरणको विवेकपरक सम्बन्ध (Rational Relation) रहेको देखिनु पर्ने हुन्छ। निवेदकहरुले दावी लिएको अन्य सेवाहरु ती सेवाहरु गठन गर्नु पर्नाको विशेष आवश्यकता र परिस्थितिका सन्दर्भमा गठित सेवाहरु हुन्। सबै प्रयोजनका लागि एउटै सेवा समूह गठन गरे पुग्ने अवस्था भए विषय विषयमा छुट्टा छुट्टै सेवा र समूहहरु गठन गर्नु पर्ने आवश्यकतै पर्ने थिएन। त्यसैले फरक उद्देश्यका लागि गठन गरिएका फरक सेवाका कर्मचारीहरुको अवकाशका सम्बन्धमा गरिएको व्यवस्थासंग एकरुपता नभएको भन्ने आधारमा मात्र सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५(१)(क) मा गरिएको व्यवस्थालाई समानताको हक विपरीत भनी मान्न मिल्ने देखिएन। यस्तै सेवा समूहसंग मिल्दो प्रहरी नियमावली, २०७१ को नियम १२७ को

उपनियम (१) को देहाय (घ) मा पनि ३० वर्ष सेवा अवधि पुरा भएको प्रहरी कर्मचारीले स्वतः अवकाश पाउने व्यवस्था भएकै देखिन्छ। यो स्थितिमा अरु सेवामा ३० वर्ष पुगेको आधारमा अनिवार्य अवकाश पाउने व्यवस्था हुँदै नभएको भन्ने पनि देखिन आउँदैन।

१२. अब निवेदकहरुको अनिवार्य अवकाश सम्बन्धी व्यवस्था नियमावलीमा गर्न सकिने हुन्छ वा हुँदैन भन्ने अर्को प्रश्नमा बिचार गरौं। निवेदकहरुले विवादमा ल्याएको सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५(१)(क) को व्यवस्था सशस्त्र प्रहरी ऐन, २०७२ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको देखिन्छ। दफा ३६ मा उक्त ऐनको उद्देश्य कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था भएको पाइन्छ। यो दफा ३६ ले दिएको अधिकारलाई सरसर्ती हेर्दा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियमा ६५(१)(क) मा गरिएको व्यवस्थालाई अन्यथा भन्न सकिने अवस्था देखिंदैन। तथापि कुनै पनि सेवाका कर्मचारीहरुका सम्बन्धमा नियुक्तिका लागि निर्धारण गरिने योग्यता, बढुवाका लागि निर्धारण गरिने योग्यता, विभागीय सजाय र अवकाशका शर्तहरु सारभूत महत्वका विषयहरु मानिन्छन्। सेवाको गुणस्तरियता र सुनिश्चितता कायम गर्ने उद्देश्यले पनि यी विषयहरु महत्वपूर्ण हुन्छन्। यस्ता सारभूत विषयहरु प्रत्यायोजित विधायनको विषय हुन नसक्ने सैद्धान्तिक मान्यता रहेको पाइन्छ। नियमावलीको प्रकृतिबाट मूल ऐनले गरेको व्यवस्थाहरु कार्यान्वयनका लागि प्रक्रिया र कार्यविधि तोक्नु यसको उद्देश्य हुन्छ। ऐनमा गरिनु पर्ने सारभूत व्यवस्थाहरु पनि प्रत्यायोजित विधायन अन्तर्गत गर्न दिने हो भने सार्वभौम संसदको महत्व र गरिमामा आँच आउने मात्र नभई यस्तो अधिकारको दुरुपयोग हुन सक्ने सम्भावना पनि उत्तिकै प्रवल रहन्छ। यसैले योग्यता र अवकाश जस्ता सारवान व्यवस्थाहरु प्रत्यायोजित विधायनको अंश बनाउन नमिल्ने हुनाले भनी यस अघि यस अदालतमा परेका ०७९-WS-००११ र ०७२-WO-०२९४ का रिट निवेदनहरुमा पनि ती विषयसंग सम्बन्धित व्यवस्थाहरु ऐन मै गर्न गराउन नेपाल सरकारको नाममा निर्देशन जारी भइरहेको तथ्य बिचारणीय रहेको पाइन्छ। सशस्त्र प्रहरी महानिरीक्षकको पदावधि ४ वर्ष हुने व्यवस्था सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ९(२) मै समावेश भएको पनि छ।

१३. यसै विषयलाई लिएर यस अघि यसै अदालतबाट जारी भएका आदेशहरुका सन्दर्भमा विवादित अवकाश सम्बन्धी व्यवस्थालाई कसरी हेर्नु पर्ने हो भन्ने अर्को प्रश्न पनि प्रस्तुत रिट निवेदनका सम्बन्धमा निरुपण हुनु पर्ने प्रश्नका रुपमा उठेको पाइन्छ। तत्काल प्रचलित प्रहरी नियमावली, २०४९ को नियम ९८(१) मा भएको यस्तै प्रकारको ३०

वर्ष सेवा अवधि पुरा भए पछि अनिवार्य अवकाश पाउने व्यवस्थालाई लिएर नेपाल प्रहरी सेवाका प्रहरी अतिरिक्त महानिरीक्षक मदन वहादुर खड्का समेतका तर्फबाट ०६९–WS–००११ को रिट निवेदन परेकोमा यस अदालतको विशेष इजलासबाट मिति २०७०।१२।२० मा फैसला भएको पाइन्छ (ने.का.प.२०७१ नि.नं.९०९९)। यसैगरी प्रहरी नियमावली, २०७१ को नियम १२७(१) मा भएको यस्तै व्यवस्थालाई लिएर नेपाल प्रहरी सेवाको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा कार्यरत गणेशराज राई समेतको तर्फबाट पनि ०७२–WO–०२९४ को रिट निवेदन परेकोमा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७२।९।१७ मा फैसला भएको पाइन्छ। यस भन्दा अगाडि निवेदक केशव खरेलका तर्फबाट २०५९ सालको रिट नं ९४ र निवेदक नवराज बुढाथोकीको तर्फबाट २०५९ सालको रिट नं ९६ पनि परेकोमा यस अदालतबाट मिति २०६०।१।११ मा फैसला भएको देखिन्छ। पहिलेका रिट नं ९४ र ९६ मा प्रहरी प्रधान कार्यालय समेतबाट लिखित जबाफ प्राप्त हुँदा तत्काल प्रचलित प्रहरी नियमावलीमा संशोधन हुन लागेको र संशोधित नियमावलीमा ३० वर्ष सेवा अवधि पूरा भएको आधारमा अवकाश हुने व्यवस्था नराखिएको भनी अदालतलाई विश्वास दिलाएको आधारमा निर्देशनात्मक आदेश पनि जारी गर्न नपर्ने गरी आदेश भएको पाइन्छ। रिट नं ०६९–WS–००११ मा मिति २०७०।१२।२० मै यस अदालतबाट फैसला हुँदा अवकाशको लागि सेवा अवधि तोक्दा प्रहरी ऐन मै जो चाहिने आवश्यक व्यवस्था गर्ने गरी मिलाउनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी भएको पाइन्छ। तर यस पछि बनेको प्रहरी नियमावली, २०७१ मा पनि सेवा अवधिको आधारमा अवकाश पाउने व्यवस्था नियमावलीको नियम १२७(१) मा राखिएको पाइन्छ। यो व्यवस्थालाई लिएर पनि रिट निवेदक गणेशराज राई समेतका तर्फबाट परेको ०७२–WO–०२९४ नं को रिट निवेदनमा मिति २०७२।९।२७ मा फैसला हुँदा अवकाश सम्बन्धी व्यवस्था सारभूत व्यवस्था भएकोले प्रत्यायोजित विधायनको अंश बनाउन नमिल्ने उल्लेख भइ यस सम्बन्धी व्यवस्था ऐन मै गर्न नेपाल सरकारको नाममा निर्देशन जारी भएको पाइन्छ। यस अदालतबाट उपर्युक्त अनुसार मिति २०७०।१२।२० र २०७२।९।२७ मा आदेश भए पछि पनि सशस्त्र प्रहरी ऐन, २०५८ मा मिति २०७२।११।१३ र मिति २०७४।६।३० मा दुईपटक संशोधन भएकोमा अवकाश सम्बन्धी व्यवस्था ऐनमा समावेश हुन सकेको देखिंदैन।

१४. अब निवेदन माग दावी बमोजिम विपक्षीहरुका नाममा उत्प्रेषणयुक्त परमादेश लगायतको आदेश जारी हुनु पर्ने देखिन्छ वा देखिंदैन भन्ने प्रश्नमा बिचार गरौं। सशस्त्र प्रहरी नियमावली सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी

नेपाल सरकारले बनाएको देखिन्छ। मुलुकको सशस्त्र प्रहरी प्रशासन सञ्चालनका लागि कानून बनाउने र यसरी कानून बनाउँदा सेवाका पदहरुमा कसरी नियुक्ति गर्ने, कुन उमेर समूहसम्मका व्यक्तिहरुलाई सेवामा प्रवेश दिने, कति अवधिसम्म सेवामा राख्ने तथा सेवाका अन्य शर्तहरु के हुने भन्ने विषयहरु नीतिगत विषयहरु हुन्। यस्ता नीतिगत विषयहरुको निर्धारण गर्ने अधिकार विषयको प्रकृति अनुसार विधायिका वा कार्यपालिकालाई हुने कुरामा विवाद हुन सक्दैन। निवेदकहरुले उठाएको सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५(१)(क) मा भएको व्यवस्था पनि सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३६ ले दिएको अधिकारको प्रयोग गरी नेपाल सरकारले बनाएको देखिएकोमा उक्त नियमावलीको व्यवस्था अनाधिकृत निकायले बनाएको वा नियमावली बनाउने अधिकार नै नभएको भन्ने आधारमा अमान्य हुन माग दावी लिइएको पनि देखिंदैन। साथै यी निवेदकहरु संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (प्रहरी) कर्मचारी प्रशासन शाखाको मिति २०८१।०१।२४ को पत्रानुसार हालको अवस्थामा मिति २०८१।५।१६ देखि सेवाबाट अनिवार्य अवकाश पाइसकेको पनि देखिन्छ। यसैले निवेदकहरुको माग दावी बमोजिम सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५(१)(क) मा भएको ३० वर्षे सेवा अवधिको आधारमा अनिवार्य अवकाश दिने व्यवस्था रिट निवेदन दायर भएकै मिति देखि लागू नहुने प्रबन्ध गर्नु गराउनु भनी विपक्षीहरुका नाममा उत्प्रेषण वा अन्य कुनै आदेश जारी गर्नु पर्ने देखिएन। सो हदसम्मको रिट निवेदन खारेज हुने ठहर्छ। तर माथिका विभिन्न प्रकरणहरुमा विवेचना गरिए बमोजिम यसै विषयलाई लिएर यस अदालतबाट पटक पटक निर्देशनात्मक आदेश जारी हुनुका साथै ध्यानाकर्षण आदेश समेत जारी भएकोमा पनि हालसम्म अदालतको आदेश बमोजिम अनिवार्य अवकाश लगायतका सारभूत व्यवस्थाहरु ऐनमा समावेश गरिएको नदेखिएको हुँदा यसै आर्थिक वर्ष भित्र अनिवार्य अवकाश सम्बन्धी व्यवस्था ऐनमा समावेश गर्ने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। आदेशानुसार गर्नु गराउनु भनी प्रस्तुत आदेशको प्रतिलिपि सहित महान्यायाधिवक्ताको कार्यालयमार्फत सबै विपक्षीहरुलाई जानकारी दिनु। आदेशको

विद्युतीय प्रति मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

तिल प्रसाद श्रेष्ठ
न्यायाधीश

उक्त रायमा सहमत छु।

सपना प्रधान मल्ल
न्यायाधीश

<u>आदेश तयार गर्न सहयोग गर्नेः</u>

इजलास अधिकृतः- भरत कुमार दहाल (उप-सचिव)

कम्प्युटर अपरेटरः- सरस्वती दाहाल

इति संवत् २०८१ साल असोज १० गते रोज ५ शुभम्.............................।